# शैलुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## ३ नं. प्रदेश
## काटाकुटी, दोलखा

पत्र संख्याः-०७६/७७
चलानी नं.

मिति :-२०७६/६/२७

**सहकारी सिंचाई, साना सिँचाई मर्मत सम्भार तथा निर्माण कार्यक्रमको लागि**

**आवेदन दिने म्याद ७ दिनको लागि थप गरिएको छ।**

प्रस्तुत विषयमा शैलुङ गाँउपालिकाको आ.व.२०७६ /०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **सहकारी सिंचाइ,साना सिँचाई ,मर्मत सम्भार तथा निर्माण** कार्यक्रमको लागि साना सिँचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका २०६१ बमोजिम कार्यक्रम संचालन गर्न इच्छुक गत आ.व. भित्र दर्ता भएका कियाशिल कृषक समूह/कृषि सहकारी /जल उपभोक्ता समितिहरुले रितपुर्वक निवेदन दिनको लागि (मिति २०७६/०६/०१ गते देखि २०७६/०६/१५ गते सम्म १५दिने सूचना प्रकाशन गरिएकोमा आवेदनहरु न्यून प्राप्त भएकोले पुनःआज मिति २०७६/६/२७ गते देखि लागू हुने गरि ७ (सात) **दिन म्याद थप गरिएको छ।** साथै म्याद थप गरिएको समय सिम भित्र आवेदन दिन हुन अनुरोध छ।

**आवश्यक कागजतहरु**

१.कृषक समूह/कृषि सहकारी संस्था/जल उपभोक्ता समितिको बैठकको निर्णयको प्रमाणित प्रतिलिपि।
२.कृषक समूह,कृषि कार्यमा संलग्न सहकारी,कृषि उद्यमी, जल उपभोक्ता समिति सम्बन्धित निकायमा दर्ता/नविकरण भएको प्रमणपत्रको प्रमाणित प्रतिलिपि।
३.कृषि कार्यमा संलग्न सहकारी,कृषि उद्यमी ,जल उपभोक्ता समितिहरुको वार्षिक लेखा परिक्षण प्रतिवेदन तथा कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४.उपभोक्ताहरुको जग्गाको लालपूर्जा र नागरिकताको प्रमाणित प्रतिलिपि।
५.सम्बन्धित वडा कार्यलयको सिफरिस।
६.पानीको मुहानको मन्जुरीनामा,पानीको मुहान सार्वजनिक भए स्थानीय तहले प्रदान गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
७.सिँचाईको लागि उपयोग गरिने श्रोतमा कुनै विवाद नभएको हुनुपर्ने।
८.गत वर्ष यस कार्यलय वा कुनै संघ संस्था बाट सिँचाई कार्यक्रमको सुविधा प्राप्त नगरेको।
९.आयोजना कार्यान्वयनमा लाग्ने मोटामोटी बजेट
१०.तरकारी,फलफूल बालीको व्यवसायिक रुपमा खेती गरेको आयोजनालाई बढी प्राथमिकता दिइने छ।
११.राजश्व दस्तुर रु. १००।-

❖ **विस्तृत जानकारीको लागि यस कार्यलयमा सम्पर्क राख्न सकिने छ।**

**सम्पर्क नं.-: ०४९-४३०००४,९८५१२४९२०२,९८६१५३७०७१**

**नोटःनिवेदन फाराम सम्बन्धित वडा कार्यालयबाट उपलब्ध गराईने छ।**

प्रमुख प्रशासकीय अधिकृत